श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २३९

पुनरावेदन नं. ०७८-RB-०२०३

पुनरावेदन दर्ता मितिः- २०७८।१२।१५

मुद्दाः– सुन भन्सार चोरी पैठारी ।

| | |
|---|---|
| हर्क बहादुर दरैको नाती लाल बहादुर दरैको छोरा तनहुँ जिल्ला ब्यास न.पा.वडा नं.१० बस्ने वर्ष २७ को सागर दरै..........................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| अन्तर्राष्ट्रिय बिमानस्थल सुरक्षा कार्यालयका प्र.व.उ.सन्दिप भण्डारी समेतको जाहेरीले नेपाल सरकार.................................................................................. १ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाडौं

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री महेश भट्टराई

शुरु कार्यालयको निर्णय मितिः–२०७८/१०/२७

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडा

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री बिकास बन्जारा

**अविलम्वित नजीरः** ×

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाण्डौको मिति २०७८/१०/२७ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७६।०१।२८ गते करिब १५:४५ बजेको समयमा जिल्ला तनहुँ ब्यास नगरपालिका साविक वडा नं.९ हाल वडा नं.१० स्थायी वतन भएका वर्ष २५ को राहदानी नं.०६०४८५७५ वाहक सागर दरैले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन पार्किङ्ग एरियामा चेकजाँच गर्ने क्रममा निजको साथबाट सुन जस्तो देखिने पहेंलो रंगको धातुको बाला थान -२ (९९ ग्राम) सुन फेला पारी बरामद भएको भन्ने व्यहोराको अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयको मिति २०७६।०१।२८ गते खडा गरेको बरामदी मुचुल्का।

२. मिति २०७६।०१।२८ गते करिब १५:४५ बजेको समयमा जिल्ला तनहुँ ब्यास नगरपालिका साविक वडा नं.९ हाल वडा नं.१० स्थायी वतन भएका वर्ष २५ को राहदानी नं.०६०४८५७५ वाहक सागर दरैले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन पार्किङ्ग एरियामा चेकजाँच गर्ने क्रममा निजको साथबाट सुन जस्तो देखिने पहेंलो रंगको धातुको बाला थान -२(९९ ग्राम) सुन अवैध रुपमा भन्सार छली गरी लैजाने लागेको अवस्थामा फेला पारी आवश्यक कारबाहीको लागि पेश गरेको छौं भन्ने व्यहोराको अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्र.व.उ.सन्दिप भण्डारी समेतले मिति २०७६।१।२९ मा पेश गरेको प्रतिबेदन।

३. खानतलासी तथा बरामदी मुचुल्का, दशी र प्रतिवेदन समेतको आधारमा निज सागर दरैलाई भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम आवश्यक कारवाहीको लागि अनुसन्धान तहकिकात गर्न, बयान लिन र अन्य कानुनी प्रकृया पुरा गरी भन्सार अधिकृत कर्णप्रसाद तिमिल्सिनालाई अनुसन्धान अधिकृत तोकि उक्त सुन

जस्तो देखिने धातु सुरक्षित साथ राखी थप अनुसन्धान गर्नू भनि प्रमुख भन्सार प्रशासक गजेन्द्र कुमार ठाकुरबाट मिति २०७६।१।२९ मा भएको आदेश।

४. उक्त सुन मैले दुवईबाट व्यक्तिगत प्रयोगको लागि ल्याएको हुँ।उक्त सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन। म दुवईमा बिगत चार वर्ष देखि काम गर्दै आएको मेरो साथबाट ५० ग्राम सुनको बाला रहेको र अर्को एउटा सुनको बाला हराउछ भन्ने डरले साथीलाई राख्न दिएको, भन्सार कार्यालयले ५० ग्राम सुनको बाला ल्याउन पाइने भनेर हामी दुवैलाई छाडिदिएको तर प्रहरीले विदेशबाट सुन ल्याई संकलन गर्न पाइदैन भनि मलाई पक्राउ गरेको हो।सुनको गहना ५० ग्राम मात्र ल्याउन पाइने सोभन्दा बढी ल्याउन पठाउन ओसार पसार गर्न विदेशबाट मगाई संकलन गर्न नपाइने भन्ने नेपालको कानूनको बारेमा मलाई थाहा नभई अनजानवस भएको गल्तीलाई एक पटकलाई माफ गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी सागर गैरेले भन्सार अधिकृत कर्णप्रसाद तिमिल्सिना समक्ष मिति २०७६।०१।२९ मा गरेको बयान।

५. भन्सार ऐन,२०६४ को दफा ३८ बमोजिम प्रज्ञापनपत्र वा महसुल तिरेको निस्सा पेश नगरेको मालवस्तु भएमा चोरी पैठारी गरेको मानिने देखिन्छ।प्रतिवादीले चेकजाँचको क्रममा भन्सारमा घोषणा नगरेको र भन्सार तिरेको निस्सा नभएको र लुकाई छिपाई भन्सार छली लैजान लागेको अवस्थामा बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवेदन समेतका आधारमा भन्सार छली चोरी पैठारी गर्ने मनसायले अवैध रुपमा सुन चोरी पैठारी गरेको प्रमाणित हुन आएको हुँदा निजको कार्य दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिंदा निज प्रतिवादीलाई सोही ऐनको दफा ५७ को उपदफा (१क) बमोजिम निजबाट मूल्य रु.५,०९,२५६।— बराबरको (९९ ग्राम) सुन जफत गरी विगो बमोजिम जरिवाना हुने गरी माग सहित मिति २०७६।०१।२९ गते पेश भएको अभियोग पत्र ।

६. उक्त सुन मैले दुवईबाट व्यक्तिगत प्रयोगको लागि ल्याएको हुँ।उक्त सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन। म दुवईमा बिगत चार वर्ष देखि काम गर्दै आएको मेरो साथबाट ५० ग्राम सुनको बाला रहेको र अर्को एउटा सुनको बाला हराउछ भन्ने डरले साथीलाई राख्न दिएको, भन्सार कार्यालयले ५० ग्राम सुनको बाला ल्याउन पाइने भनेर हामी दुवैलाई छाडिदिएको तर प्रहरीले विदेशबाट सुन ल्याई संकलन गर्न पाइदैन भनि मलाई पक्राउ गरेको हो।सुनको गहना ५० ग्राम मात्र ल्याउन पाइने सोभन्दा बढी

ल्याउन पठाउन ओसार पसार गर्न विदेशबाट मगाई संकलन गर्न नपाइने भन्ने नेपालको कानूनको बारेमा मलाई थाहा नभई अनजानवस भएको गल्तीलाई एक पटकलाई माफ गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी सागर गैरेले प्रमुख भन्सार प्रशासक गजेन्द्र कुमार ठाकुर समक्ष मिति २०७६।०१।२९ मा गरेको बयान।

७. पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवेदनमा उल्लेख भए बमोजिम भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम बरामदित ९९ ग्राम सुन जफत गरी सोही दफाको उपदफा (१क) बमोजिम हुनसक्ने जरिवाना वापतको रकम निज प्रतिवादीबाट दफा ४१ को उपदफा (१) बमोजिम रु.५,०९,२५६।— नगद धरौटी माग गर्नू, माग बमोजिम धरौटी रकम दाखिला गरे तारिखमा र धरौटी रकम दाखिला नगदे दफा ४१ को उपदफा (२) बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा राख्न पठाउनु र बरामदित सुन सुरक्षित राख्नु भनि प्रमुख भन्सार प्रशासकबाट मिति २०७६।०१।२९ गते भएको थुनछेक आदेश ।

८. प्रतिबादी सागर दरैले आफुलाई नेपालको कानूनी व्यवस्थाको बारेमा थाहा नभएको बाहाना गरि नियोजित रुपमा लुकाई छिपाई भन्सार चोरी पैठारी गर्ने मनसायले भन्सारमा घोषणा नै नगरी उक्त सुनको बाला ल्याएको अवस्था विद्यमान रहेको देखिएकोले निजले उक्त कार्य भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसारको सुनको भन्सार चोरी पैठारी गरेको कसूरमा अपराध गरेको देखिंदा निजको साथबाट बरामद भएको ९९ ग्राम सुनको उल्लेख गरेको मुल्य रु.५,०९,२५६।— विगो कायम गरी भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम बरामदित उक्त सुनको बाला जफत गरी विगो बमोजिमको जरिवाना हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७८।१०।२७ मा भएको निर्णय।

९. मिति २०७६।०१।२८ गतेको दिन बेलुका १५:४५ बजेको समयमा दुबईबाट काठमाण्डौ आउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल आएपश्चात विमानस्थलको अन्तर्राष्ट्रिय आगमन तर्फको कार पार्किङ्ग एरियामा चेक जाँच गर्ने क्रममा मेरो साथबाट बाला आकारको थान-२ जम्मा ९९ ग्राम मूल्य रु.५,०९,२५६ रुपैया बराबरको सुन सहित मलाई भंसारका कर्मचारीले विना कारण पक्राउ गरेका हुन ।उक्त सुन कसैले मगाएको वा पठाएको होईन।उक्त सुन मैले दुबईमा काम गरी कमाएको पैसाले किनेर व्यक्तिगत प्रयोगको लागि ल्याएको हुँ।उक्त सुन मैले UAE को SAGAR JEWELLERY L.L.C.मा 10.05.2019 मा खरिद गरेको, मेरो नाउँको TAX INVOICE पेश गरेको छु। मैले

अनुसन्धान अधिकृत समक्ष गरेको बयानको स.ज.८ मा  मेरो साथमा ५० ग्रामको सुनको बाला रहेको र एउटा सुनको बाला हराउँछ भनेर साथीलाई राख्न दिएको भनि बयान गराएको अवस्थामा अर्को व्यक्तिसंग बरामद गरी सो समेत मबाट बरामद भएको भनि व्यहोरा मिलाएको अवस्था छ।मिसिलमा सामेल गरेको UAE को Sapana Jewellery & General Trading L.L.C को 27.04.2019 को बेनामे TAX INVOICE के कसरी कहाँबाट आयो सो एकिन समेत गरिएको छैन। कानुनले दिएको छुट अनुसार प्रमाण सहित ल्याएको सुनको बाला जफत गर्ने सो सुनको विगो मूल्य अनुसार रु.५,०९,२५६।— जरिवाना हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको निर्णय कानून सम्मत नभएको बदर गरी न्याय इन्साफ गरि ५० ग्राम सुन तथा धरौटी रकम फिर्ता दिलाई पाउँ भन्ने वेहोराको प्रतिवादी सागर दरैको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७८।१२।१५ मा दायर भएको पुनरावेदन पत्र ।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/१७ मा भएको आदेश ।

११. पुनरावेदकले तारिखमा नबस्ने गरी तारिख छुटाइ पाँउ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४२ बमोजिम निवेदन दिएको देखिंदा यस न्यायाधिकरणले निवेदकलाई खोजेको बेला सम्पर्क गर्न सकिने मोबाइल नम्बर इमेल ठेगाना लगायतको विवरण समेत खुलाई खोजेको बखत उपस्थित हुने वेहोराको कागज गराई निजको तारिख छुटाइ दिनू भन्ने यस न्यायाधीकरणको मिति २०७९।५।१७ को आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडाले प्रतिवादी सागर दरैले आफ्नो निजी प्रयोजनको लागि दुबईमा नै बैधानीक रुपमा किनिएका सुनका बाला ५० ग्राम SAGAR JEWELLERY L.L.C.मा 10.05.2019 मा खरिद गरेको जसको TAX INVOICE समेत पेश गरिएको अवस्थामा Sapana Jewellery & General Trading L.L.C को 27.04.2019 को बेनामे TAX INVOICE के कसरी कहाँबाट अर्को विल आयो सो सम्बन्धमा सुनाई कागजात समेत नगरेको अनुसन्धानको क्रममा प्रज्ञापनपत्र भरेको छ, छैन भनी आदेश या मौका समेत नदिई कानूनी व्यवस्था बमोजिम ल्याउन पाउने सुन समेत जफत गरी Sapana Jewellery & General Trading L.L.C को अर्कैले ल्याएको सुन समेत निजले ल्याएको भनी त्रिभुवन

विमानस्थल भंसार कार्यालयबाट विगो बमोजिम जरीवाना गर्ने गरी भएको निर्णय कानून सम्मत नभएकोले बदर गरी प्रतिवादीले आरोपित कसूरबाट पूर्णता सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीको साथ ९९ ग्राम सुनको २ वटा बाला सुन बरामद भएको पुष्टी हुने बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीलाई विगो बमोजिम जरीवाना गर्ने गरी भएको निर्णय कानुन सम्मत नै रहेको देखिदां सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा, यसमा शुरु भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, प्रतिबादी सागर दरै मिति २०७६।०१।२८ गते दुबईबाट नेपाल आउदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा जाँच गर्दा निजबाट ९९ ग्राम सुन बरामद भएको मिति २०७६।०१।२८ को मिसिल संलग्न बरामदी/ खानतलासी मुचुल्काबाट देखिन्छ।उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदित सुन आफ्नो साथमा रहेको र आफ्नै हो भनी स्वीकार गरेको अवस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा चेकजाँच गर्ने क्रममा बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा समेत निजले स्वीकार गरेको देखिन्छ। विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।८।१४ को निर्णयले राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात गर्न पाउने भन्ने ब्यवस्था गरेको छ। नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७३।४।१ देखि लागू हुने गरी प्रकाशन गरेको निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनामा बिदेशबाट आउने यात्रुले १०० ग्रामसम्म सुन तोकिएको महशुल तिरेर ल्याउन पाउने ब्यवस्था गरेको भएतापनि प्रतिवादीबाट बरामद भएको सुन भन्सारमा घोषणा गरेको देखिदैन। माथि उल्लिखित आदेशको दफा ७ मा कुनै पनि यात्रुले भन्सारमा घोषणा नगरी कुनै मालसामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकुल हुने गरी

कुनै सामान ल्याउन वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ भन्ने ब्यवस्था समेत रहेको देखिन्छ। प्रतिबादी सागर दरैले आफ्नो साथमा रहेको सुन भन्सार कार्यालयमा घोषणा समेत गरेको भनी कुनै प्रमाण पेश गरेको वा ठोस जिकिर लिन सकेको देखिदैन।

१६. भन्सार ऐन, २०६४ को दफा २(च) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ" भनी परिभाषित गरेको देखिन्छ। साथै सोही ऐनको दफा १८(१) मा "मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने" भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी सागर दरैले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ भन्ने कानूनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाट बरामद भएको ९९ ग्राम सुन आफ्नै हो भनी स्वीकार गरेको अबस्थामा बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा पेश गर्न सकेको समेत देखिदैन।

१७. यी प्रतिवादीले भन्सारमा यथार्थ व्यहोरा खुलाई आफ्नो साथमा रहेको मालवस्तुको घोषणा गरी भन्सार अधिकृतले मागेको विल विजक देखाउन पर्नेमा सो केही गरेको पनि देखिदैन। मिति २०७६।०१।२९ मा बयान गर्दा बरामद भएको सुन भन्सारमा घोषणा गरेको छैन भनी व्यहोरा उल्लेख गरेको पाइयो।विदेशबाट नेपाल प्रवेश गरेको व्यक्तिले भन्सार महशुल लाग्ने मालवस्तु भन्सार महशुल नतिरी वा चोरी पैठारी गरी ल्याएको छ भन्ने विश्वास गर्नुपर्ने मनासिव आधार भएमा वा शंका लागेमा भन्सारको जुनसुकै कर्मचारीले त्यस्तो व्यक्तिको तलासी लिन सक्ने गरी भन्सार ऐन २०६४ को दफा ३६ ले अधिकार प्रदान गरेको र कसैको साथबाट भन्सार महशुल लाग्ने मालवस्तु फेला परेमा त्यस्तो वस्तुको निस्सा पेश गर्न लगाउने अधिकार समेत भन्सार अधिकृतलाई सोही ऐनको दफा ३८ ले प्रदान गरेको देखिंदा यी प्रतिवादीलाई तलासी लिएको कार्यलाई वदनियतपूर्वकको वा गैर कानूनी कार्य भन्न मिल्ने पनि देखिएन।यस स्थितीमा प्रतिवादीबाट बरामद भएको ९९ ग्राम सुन निजले भन्सारमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिंदा प्रतिवादीबाट

आरोपित कसुर भएको मिसिल संलग्न प्रमाणबाट पुष्टी भइरहेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१८. तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादी सागर दरैलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसुरमा बरामद सुन जफत गरी निजलाई बिगो बमोजिम रु.५,०९,२५६।—(पाँच लाख नौ हजार दुई सय छपन्न रुपैया) जरिवाना हुने ठहऱ्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७८।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः सनिता लामा
टिपोट गर्नेः- ना.सु. मनिषा अधिकारी
फैसला मितिः-२०७९।१२।२।५
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप